नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. : ४२००३३९, ४२००३४२, ४२००४१२
हटलाइन : ४२००३४५
फ्याक्स : ४२००४००
इमेल : navic@nvc.gov.np
वेवसाइट : www.nvc.gov.np
सिंहदरबार, काठमाडौं

प.सं. २०७३/७४

मितिः २०७३/०४/१७

च.नं. | | २ | ० | ७ | ० | ० | ० | ० | ९ |

**विषय : नयाँ नियुक्ति हुने कर्मचारीहरुको सम्पत्ति विवरण सम्बन्धमा ।**

श्री सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा प्रत्येक सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको सम्पत्तिको अद्यावधिक विवरण आ.व. समाप्त भएको मितिले ६० (साठी) दिन भित्र प्रत्येक वर्ष नेपाल सरकारले तोकेको निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको , निजामती सेवा ऐन ,२०४९ को दफा ५४ अनुसार निजामती कर्मचारीले आफ्नो सम्पत्तिको विवरण दिनु पर्नेछ भन्ने उल्लेख भएको, निजामती सेवा नियमावली २०५० को नियम ११८ को उपदफा (१)अनुसार प्रत्येक निजामती कर्मचारीले आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र अनुसूची -१८ बमोजिमको सम्पत्ति विवरण सम्वन्धित कार्यालय मार्फत निजामती कितावखानामा पेश गर्नु पर्नेछ , सोही नियमको उप नियम (२) बमोजिम नयाँ नियुक्ति हुने कर्मचारीले पनि उप नियम (१) बमोजिमको सम्पत्ति विवरण नियुक्ति भएको ६० (साठी) दिन भित्र पेश गर्नु पर्नेछ भन्ने उल्लेख भएको छ ।

विशेषगरी नयाँ नियुक्ति हुने कर्मचारीहरुलाई समयमै सूचना प्रवाह नभएको कारण आ.व. २०७२/७३मा ठूलो संख्याका कर्मचारीहरुले सम्पत्ति विवरण नबुझाई जरिवाना बुझाउनु पर्ने अवस्था देखिएको हुँदा तहाँ अन्तर्गतका नयाँ नियुक्ति हुने कर्मचारीहरुलाई तोकिएको समय भित्र तोकिएको निकायमा सम्पत्ति विवरण बुझाउने सम्बन्धमा समयमै आफ्ना मातहतका कर्मचारीहरुलाई सूचना प्रवाह गर्नु हुन र सो अनुरुप सम्पत्ति विवरण संकलन गर्ने व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७३।४।१७ को निर्णयानुसार अनुरोध छ ।

.................................
(भोला खड्का )
शाखा अधिकृत

सम्पत्ति विवरण समयमा बुझाऔं दण्ड जरिवानाबाट बचौं ।